# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्डः २ मायादेवी, कार्तिक १५ गते, २०७५ साल संख्याः ११**


## भाग–२

### स्थानीय सरकार
### मायादेवी गाउँपालिका, रूपन्देही

मायादेवी गाउँपालिकाको मिति २०७५/०७/११ को कार्यपालिका बैठकले बनाएको तल उल्लेख भए बमोजिमको "मायादेवी गाउँपालिकाको आ.व.२०७५/०७६ को लागि उपभोक्ता समिति सम्बन्धी मार्गदर्शन, २०७५" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७५ सालको मार्गदर्शन नं. १
## मायादेवी गाउँपालिकाको आ.व. २०७५/०७६ को लागि उपभोक्ता समिति सम्बन्धी मार्गदर्शन, २०७५

प्रस्तावनाः

उपभोक्ता समितिको व्यवस्था वारेमा जानकारी गराई काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा योजना सञ्चालनमा एकरुपता र स्पष्ट पार्न मायादेवी

गाउकार्यपालिकाले उपभोक्ता समिति सम्बन्धी मार्गदर्शन, २०७५ बनाई लागु गर्न बान्छनीय भएकोले कार्यपालिकाको मिति २०७५/०७/११ गते बसेको बैठकले पारित गरि यो मार्गदर्शन लागु गरिएको छ ।

"उपभोक्ता" भन्नाले योजना, आयोजना र कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहलाई जनाउँछ ।

"उपभोक्ता समिति" भन्नाले योजना, आयोजना र कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शव्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

**उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः**

१) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै गई पाँच देखि नौ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२) स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

३) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा ३३(तेत्तीस) प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी अनिवार्य हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै सगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

५) उपभोक्ता समिति गठन गर्दा स्थानीय तहले तोकेको कर्मचारी तथा जनप्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी तथा जनप्रतिनिधिले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

६) प्रचलित प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, तथा जनप्रतिनिधि व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

७) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ ।

८) उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

९) स्थानीय तहले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोनुपर्ने सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता नजुट्ने अबस्थामा न्यूनतम १० प्रतिशत जनसहभागिता जुटाउने उपभोक्ताको भेलाले निर्णय पठाउनु पर्ने छ । यसरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय तहले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम १० प्रतिसत बराबरको जनसहभागिताबाट काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि स्थानीय तहले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिता वा जनसहभागतिाको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

१०) कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.ब. को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

१२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१३) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष ३ जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई स्थानीय तहमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

१४) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना गाउँपालिकाले उपलब्ध गराएको ढाँचा बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित वडा र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ । वडा स्तरीय अनुगमन समिति तथा सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ–संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

१५) उपभोक्ता समितिले आफ्नो खाताबाट ५० हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

१६) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

१७) उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

१८) स्थानीय तह र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

१९) उपभोक्ता समितिलाई सम्बन्धित स्थानीय तहले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

२०) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित स्थानीय तहको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

२१) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय तहमा प्रस्तुत गर्नुपर्दछ ।

२२) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित वडा कार्यालय र स्थानीय तहको हुनेछ ।

२३) उपभोक्ता समितिलाई पेश्की उपलब्ध गराईने छैन । तर ५ लाख भन्दा ठूला योजनामा रनिङ विल अनुसारको भुक्तानी उपलब्ध गराउन सकिने छ ।

२४) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका वडाका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

२५) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

२६) अनुगमन, मुल्याङ्कन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

आयोजनाको कार्यान्वयनमा अनुगमन तथा सहजिकरण गर्न १ जना जनप्रतिनिधि रहने गरी २ जना महिला समेत रहने गरी ५ जनाको अनुगमन समिति गठन गर्नु पर्नेछ ।

क) **अनुगमन, मुल्याङ्कन तथा सहजीकरण समितिको काम कर्तब्य र अधिकार**

- उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना सञ्चालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।
- आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा स्थानीय तहसँग गरेको सम्झौता

र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सम्बन्धित वडा समिति र स्थानीय तहलाई सोको जानकारी गराउने अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

- समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्ने छ ।
- सम्वन्धित स्थानीय तहले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।
    - ❖ वडा स्तरीय अनुगमन समिति सबै आयोजनाहरुको नियमित सुपरिवेक्षण र अनुगमन गर्ने र समस्याहरु परेमा समाधान गर्ने र कार्य सम्पादन पश्चात भुक्तानीको लागि गाउँपालिकामा सिफारिस गर्ने काम वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिले गर्नुपर्ने छ । प्राविधिकको मुल्याङ्कन जाँचपास प्रतिबेदन, वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिको प्रतिबेदन सहित वडा समितिको सिफारिस पछि उपभोक्ता समितिको नाममा भुक्तानी उपलब्ध गराइने छ ।
    - ❖ गाउँपालिका स्तरीय अनुगमन समिति जुन सुकै बेला अनुगमन गर्न सक्ने छ ।

**ख) उपभोक्ता समितिको काम कर्तव्य अधिकार**

- उपभोक्ता समितिका पदाधिकारीले स्थानीय तहको रकम दुरुपयोग गरेमा सरकारी बाँकी सरह कारबाही हुने भएकोले आर्थिक कारोबारसँग सम्बन्धितले विशेष शर्तकता उपनाउनु पर्नेछ ।
- उपभोक्ता समितिको गठन र यसको बैठकको निर्णयहरु उ.भो.स.को सचिवले लिखित रुपमा राख्नु पर्नेछ ।

- सम्झौता हुनु पूर्व काम गरिएको वा आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि उपभोक्ता समितिलाई रकम भुक्तानी गरिने छैन ।
- उपभोक्ता समितिलाई गरेको कामको मात्र भुक्तानी दिइने छ ।
- वास्तविक काम भन्दा बढी काम गरेको देखाई वा तोकिएको भन्दा अर्कै आईटमको काम गरी लागत अनुमान भन्दा बढी रकम माग गर्ने उपभोक्ता समितिलाई रकम भुक्तानी नदिई कालो सूचीमा राखिने छ र सम्बन्धित प्राविधिकलाई समेत कारबाही गरिने छ ।
- उपभोक्ता समितिले खर्च गरेको रकम सार्वजनिक गर्नुका साथै सम्बन्धित उपभोक्ता र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

**ग) उपभोक्ता समितिको कार्यक्षेत्र**

- उपभोक्ता समितिले गर्ने कार्य जटिल प्रकृतिका र ठुला ठुला मेसिन प्रयोग गर्ने खालका हुन नहुने ।
- उपभोक्ता समितिले लिएको काम अरुबाट पुनः ठेक्का लगाई गर्न नहुने ।
- उपभोक्ता समितिबाट गराईने कामको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि लाग्ने सामानको हकमा सो समेत समावेश गरी अनुमान गराउनु पर्ने ।
- उपभोक्ता समितिले स्थानीय तहको रकम हिनामिना गरेमा सरकारी बाँकी सरह असुल उपर गर्नु पर्ने ।
- शुरु सम्झौता अवधि भन्दा बढी अवधिको म्याद थप नहुने विशेष परिस्थिति परी म्याद थप गर्नु परेमा सम्बन्धित प्राविधिकको सिफारीसमा समितिले निर्णय गरी वडा समितिको सिफारिस पत्र सहित गाउँपालिकामा म्याद सकिनु भन्दा कम्तिमा ७ दिन अगाबै निबेदन दिनु पर्ने छ ।
- समितिले निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्यसम्पन्न हुने मिति, उपभोक्ता समितिको नाम ठेगाना) लागयतका विवरण देखिने गरी कार्यस्थलमा होडिङबोर्ड राख्नु पर्नेछ ।

## होडिङ्ग बोडको नमूना

### मायादेवी गाउँपालिका
# गाउँकार्यपालिका कार्यलय
### कम्हरीया , रुपन्देही
आ.ब. २०७५/७६

| आयोजनाको नामः- | बजेट / श्रोत |
|---|---|
| वडा नं.- | १-गा.पा |
| गाउँपालिकाको नामः- | २-जिल्ला समन्वय समिति |
| उ.स.को नामः- | ३-अन्य |
| उ.स.अध्यक्षको नामः- | क-जनश्रमदान |
| जम्मा सदस्य संख्याः- | ख-जिन्सी सहयोग |
| महिला संख्याः- | ग-प्राविधिक सहयोग |
| आयोजना सुरु हुने मितिः- | घ-निजि क्षेत्र सहयोग |
| | ङ-अन्य निकाय श्रोत |
| | ४-कुल लागत रकम रु. |
| आयोजना सम्पन्न हुने मितिः- | |

- उपभोक्ता समितिले गरेको निणर्य तथा कामको बारेमा जानकारी स्थानीय जनताले माग गरेमा उपलव्ध गराउनु पर्छ ।
- उपभोक्ता समितिको बैठक मासिक रुपमा बस्नु पर्ने र बैठकमा भएको निर्णय गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

- उपभोक्ता समितिले कामसँग सम्बन्धित बिल भरपाई तथा कागजात सुरक्षित रुपमा राख्नु पर्छ ।
- मर्मत संभार अवधि भित्र कुनै त्रुटि भएमा उपभोक्ता समितिले आफ्नै खर्चमा सच्याउनु पर्नेछ ।
- उपभोक्ता समितिले विभिन्न चरणमा उपभोक्ता समुहबाट भए गरेका निर्णय स्थानीय तहमा पेश गर्नु पर्नेछ ।
- उपभोक्ता समितिको तर्फबाट सम्झौता गर्ने पदाधिकारी, अध्यक्ष, कोषाध्यक्ष र सचिवको तीन पुस्ते खुलेको हुनु पर्ने र नागरिकताको प्रतिलिपी पेश हुन पर्नेछ ।
- उपभोक्ता समिति मार्फत भए गरेका कामको समेत सामाजिक र सार्वजनिक परिक्षण गराउनु पर्नेछ ।
- उपभोक्ता समिति मार्फत भए गरेका काम उपभोक्ता समितिलाई नै हस्तान्तरण हुनेछ ।
- यस अनुसार हस्तान्तरण भएका कामको मर्मत संभारका लागि उपभोक्ता समितिले मर्मत संभारकोष खडा गरी मर्मत संभार गर्नु पर्ने ।

**घ) उपभोक्ता समितिले योजना सम्झौता गर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

- सम्झौता गरी पाउँ भन्ने निवेदन
- उपभोक्ता समितिको निर्णय
- वडा कार्यालयको सिफारीस
- लागत अनुमानको निर्धारित प्रतिशतको लागत सहभागिता रकम दाखिला गरेको बैंक भौचर वा न्यूनतम १० प्रतिसत जनश्रमदान गर्ने भेलाको प्रतिबद्धताको प्रतिलिपि ।
- उपभोक्ता समितिको सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी

**ङ) उपभोक्ता समितिले रकम माग गर्दा वा फरफारक गर्दा संलग्न गर्नुपर्ने कागजातहरु**

- भुक्तानी पाउं भन्ने व्यहोराको निवेदन
- समितिको बैठकको निर्णय

- प्राविधिक मूल्याँकन
- सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ बिल तथा कार्य सम्पन्न प्रतिवेदन
- सार्वजनिक परिक्षण सम्बन्धि प्रतिवेदन
- वडा कार्यालयको अनुगमन प्रतिबेदन सहितको सिफारीस
- आयोजनाको फोटो
- अनुगमन समितिको निर्णय

च) विविध

- अनुकरणीय कार्य गर्ने समितिलाई स्थानीय तहले पुरस्कृत गर्न सक्ने छ ।
- उपभोक्ता समितिको लगत स्थानीय तहले राख्ने छ ।
- प्रचलित कानुन विपरीत कार्य गर्ने उपभोक्ता समितिलाई स्थानीय तहले कारबाही गरी कालो सूचीमा राख्न सक्ने छ ।

**उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था**

- उपभोक्ता समितिले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धीत सार्वजनिक निकायले छानविनगरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीबाट दामासाहीले सरकारी बाकी सरह असुल उपर गरिने छ ।
- गाउँपालिकाको प्राविधिकसंग संयुक्त रुपमा योजना स्थलको भ्रमण गर्ने ।
- ल.ई. मा उल्लेख नभएका आइटमका कामहरु गरेमा मुल्याँकन नहुने ।
- पेश भएको मुल्याँकनबाट व्यहोर्नु पर्ने श्रमदान वा लागत सहभागिता रकम कटाई भुक्तानी हुने ।
- काम सम्पन्न भई सकेपछि कामको लागत अनुमान, लागेको रकम र भए गरेका मुख्य मुख्य कार्यहरु, प्रयोग भएका सामाग्रीहरुको परिमाण तथा खर्च तथा ज्याला अन्य(ढुवानी) को खर्च समेत सार्वजनिक लेखा परिक्षण गराई पेश गर्ने ।
- गाउँपालिकाले उपलब्ध गराएको निर्माण सामाग्री र इक्विपमेन्ट लागत योजनाको बिल भुक्तानी हुदाँ कट्टा हुनेछ ।

**प्रथम दोस्रो र अन्तिम किस्ता निकासा माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

- योजनाको नाम र उपभोक्ता समितिको नाम स्पष्ट मेल खाने गरी उपभोक्ता समितिको नाम कायम गर्ने र सोही नाममा संस्थाको छाप बनाउनुको साथै बैंकमा खाता खोल्नु पर्नेछ । अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गर्ने ।
- रु.२०,०००/- भन्दा बढी मूल्यको सामान खरिद गर्दा अनिवार्य रुपमा भ्याट बिल पेश गर्नु पर्ने छ ।
- निर्माण वा अन्य कार्यको रकम भुक्तानी माग गर्दा गाउँपालिकाले व्यहोर्ने र उपभोक्ता समितिले व्यहोर्ने रकमको छुट्टा छुट्टै बिल भरपाई पेश गर्नु पर्ने छ ।
- छड, सिमेन्ट, ईट्टा, गिट्टी, बालुवा, ढुगां, भस्कट र मिस्कट जस्ता निर्माण गर्ने समानको खरिदको भ्याट र ढुवानी मुल्य सुचिको बिल भरपाई अलग अलग पेश गर्नुपर्ने छ साथै १ लाख भन्दा माथिका समान खरिद गर्दा कम्तिमा ३ जना बिच प्रतिस्पर्धा गराएको कागजात पेश गर्नु पर्ने छ ।
- जुन सुकै कार्यक्रम योजनाको रकम भुक्तानी उपभोक्ता समितिको बैंक खातामा गरिने छ ।
- सामान ढुवानी रोलर, ग्रेडर र जेसिभी प्रयोग भाडा मुल्यमा १० प्रतिशत भाडाकर र सामान खरिदमा अग्रिम आयकर १.५ पतिशत भुक्तानी दिदा नियम अनुसार कर कट्टिगरी बाँकी रकम मात्र भुक्तानी दिईने छ ।
- योजना प्रगतीको आधारमा रकम प्रथम, दोस्रो र अन्तिम किस्ता निकासा गराई पाउँ भन्ने बारेको निवेदन पेश गर्ने ।
- उपभोक्ताहरुको भेला गराइ भेलामा आम्दानी खर्च विवरण प्रस्तुत गरी सार्वजनिक परिक्षण एवं अनुमोदनको निणर्य प्रतिलीपी पेश गर्ने ।
- अनुगमन तथा सहजिकरण समितिको सिफारीस ।
- खर्चको प्रमाणित बिल भर्पाइ ।
- प्राविधिक मुल्याँकन बिल, नापी विवरण, अन्तिम किस्ता माग गर्दा पेश गर्नुपर्ने छ ।

- कुनै उपभोक्ता समितिले सम्झौता बमोजिम योजना सञ्चालन नगरी निजको लापरवाहीले कुनै किसिमको हानि नोक्सानी पुर्‍याएमा वा रकम दुरुपयोग गरेमा गाउँपालिका वा सम्बन्धित निकायले उपभोक्ता समितिका पदाधिकारीहरुबाट असुल उपर गरिने छ ।
- बैंकमा खाता खोल्दा जुन योजना हो त्यही नामको छाप बनाउनु पर्छ ।
- यस मार्गदर्शनमा उल्लेख भएका कुराहरु यसै अनुसार हुने छन् तथा अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन् ।
- कार्य सम्पादनको क्रममा कुनै विवाद तथा समस्या उत्पन्न भएमा उपभोक्ता समितिले सम्वन्धित वडा कार्यालयमा जानकारी दिनु पर्नेछ र वडा कार्यालय तथा गाउँपालिकाले सहजिकरण गर्ने छ ।
- चैत्र मसान्त पछि उपभोक्ता सँग सम्झौता गरिने छैन ।
- अन्य कुराहरु प्रचलित कानून अनुसार हुने छ ।

आज्ञाले
**रोमनाथ न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

<u>सार्बजनिक सम्पत्तिको संरक्षण गरौं र हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।</u>